वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आर्क वेल्डिङ,क्लिनर, टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सम्पर्कहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १३२ ○श्रेणी 'क' ○२०७२ फाल्गुन ३ गते सोमबार ○ 15 Feb. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

Office Sale!

1500 Sq Ft. office Sale in front of Ratna emporium with inverter/Ac/Furniture/phone/intercom/wifi fully Decorated 3 cabin with 1for rest,Totally tiles floor & attached toilet (western)

Cost:- Rs 40 lakhs but negottable

Interested parties may contact on following number as early as possible

Contact:-98161-02216

कास्कीमा आपराधिक गतिविधि बढिरहँदा प्रहरी प्रमुख पालको सरुवा

नयाँ प्रमुखलाई यिनै घटना 'चुनौती'

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २ फाल्गुन ।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख एवं प्रहरी उपरीक्षक हरिबहादुर पालको सरुवा भएको छ । प्रहरी प्रधान कार्यालयले माघ २९ गते निकालेको प्रहरी उपरीक्षकको सरुवा सूचिमा उनको नाम दोस्रो स्थानमा छ । उनी महानगरीय दंगा नियन्त्रण प्रहरी गण काठमाडौंमा सरुवा भएका हुन् । प्रहरी प्रधान कार्यालयमे विभिन्न स्थानमा कार्यरत १७ जना प्रहरी उपरीक्षकको सरुवा गरेको हो । पालसँगै पश्चिम क्षेत्रीय प्रहरी कार्यालय पोखरामा कार्यरत प्रहरी उपरीक्षक मुकुन्दराज आचार्यको पनि सरुवा भएको छ । उनी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महराजगंजमा सरुवा भएका हुन् । पालको स्थानमा केन्द्रीय प्रहरी विशेष कार्यदलमा रहेका प्रहरी उपरीक्षक घनश्याम अर्याल आउने भएका छन् । कास्की प्रहरी प्रमुखको रुपमा २०७५ माघ २८ गते जिम्मेवारी सम्हालेका प्रहरी उपरीक्षक पालको एक वर्ष कार्यकालमा कास्कीमा केहि ठूला हत्या काण्ड पनि भए । उनको कार्यकालमा राजनीतिक पार्टीका नेताको हत्यादेखि विदेशी महिलाको हत्याका घटना भए । पछिल्लो समय युवती हत्याको घटनाले निकै चर्चा पायो । गत साउन २८ गते रात लेखनाथका कांग्रेस नेता रामजी पौडेल 'बादल' को हत्या भयो । सो घटना अनुसन्धानको क्रममा एक महिना भित्र प्रहरीले संलग्न सबैलाई पकाउ गरी कानुनी दायरामा ल्याये । बादल हत्यामा संलग्नहरु अहिले कास्की कारागारमा छन् ।

साउन २२ गते रात अमेरिकन युवतीको हत्यामा संलग्न एक जना पनि पकाउ परे । आफ्नाई भेट्न पोखरा आएकी २७ वर्षिय इरीया यडियाको हत्यामा संलग्न ३१ वर्षीय नारायण पौडेल अहिले जिल्ला कारागार छन् । पछिल्लो समय चर्चामा आएको युवती हत्यामा संलग्नलाई पनि प्रहरीले पकाउपछि सार्वजनिक गरेको छ । गत माघ १८ गते रात पोखरा १४ की १८ वर्षीय यस्ना पुन 'नेहा' को हत्यामा संलग्न भनिएका कीर्तन खड्गी अहिले हिरासतमा छन् । उनीमाथि थप अनुसन्धान चलिरहेको छ । पोखराका विभिन्न स्थानमा सुनचाँदी सहित ३० लाख भन्दा बढी सामान चोरी गर्ने पाँच जनालाई पकाउ गरी साउन १३ गते सार्वजनिक गरियो ।

यता, काठमाडौंको न्यूरोड स्थित एक सुनचादी पसलबाट १३ तोला सुन र ४७ तोला चादी चोरी गरी पोखरा आएका एक जनालाई पुस २३ गते पकाउ गरी काठमाडौं पठाईएको थियो । अन्य दुई काठमाडौंबाट पकाउ परेका थिए । जसका कारण पोखराका अन्य तीन पसल चोरी गर्ने उनीहरुको योजना तुहिएको थियो । साउन १३ गते रातिको पहिरोमा पुरिएकाको खोजी

हरि बहादुर पाल

र उद्धारमा अन्य सुरक्षा निकाय सहित नेपाल प्रहरी पनि सक्रिय भएको थियो । पहिरोमा परेर बेपत्ता भदौरेतामागीका एक बाहेक अन्य सबैको शव भेटिएको थियो ।

यता, बादल हत्यादेखि अमेरिकन युवती हत्यासम्म अभियुक्त पकाउ गरी कानुनी दायरामा ल्याएको प्रहरीमाथि पछिल्लो हत्याका केहि घटनामा भने प्रश्न उठेका छन् । माघ १८ गते रात भएको 'नेहा' हत्या अभियोगमा २० गते पकाउ परेका कीर्तन खड्गीलाई त प्रहरीले सार्वजनिक गर्‍यो तर त्यसमा चित्त नबुझेको भन्दै विरोध भैरहेका छन् । घटनामा अन्यपनि संलग्न हुन सक्ने र बलात्कारपछि हत्या भएको हुन सक्ने आशंका सहित उनीहरुले प्रहरीमाथि दबाव दिएका छन् । प्रहरीले पनि यसबारे अनुसन्धान बाँकीनै रहेको जनाएको छ । कास्कीको लेखनाथ स्थित वेगनासतालमा माघ २६ गते विहान शव भेटिएको लेखनाथ १२ की २९ वर्षीय खिम माया पुनको अनुसन्धान गरी दोषीलाई पकाउ गर्ने आवाज उठेको छ । माघ १७ गते पोखरा १ शान्ति नगरचोक प्रगति मार्गमा मृत भेटिएकी मोरडकी ४० वर्षिय सरस्वती विश्व र माघ २७ गते दुई कुलाको मुहानमा मृत भेटिएकी पर्वतकी ३५ वर्षिय जमुना सुवेदीको पनि अन्य केहि तथ्य पत्ता लागेको छैन। यद्यपि प्रारम्भिक अनुसन्धानको क्रममा घटनामा अन्य व्यक्तिको संलग्नता नदेखिएको प्रहरीको दावी छ ।

यस्तै प्रहरी प्रमुख पालको सरुवा भएपनि उनको स्थानमा केन्द्रिय प्रहरी विशेष कार्यदलमा रहेका प्रहरी उपरीक्षक घनश्याम अर्याल आउदैछन् । प्रमुखको हेरफेरले अहिलेसम्मका अनुसन्धानमा कुनै असर नपर्ने पाल बताउछन् । 'घटनाको अनुसन्धान अधिकृतहरु सबै उही हुन् तसर्थ यसमा केहिकै तत्कार्य हुदैन'- पालले भने । नयाँ प्रमुखका लागि पछिल्लो समयका हत्या घटनाको अनुसन्धान र त्यसलाई किनारा लगाउनुपर्ने विषयमै प्राथमिकतामा पर्ने पक्का गोकुल बानियोले पिस पोखरा डटकममा लेखेका छन् । त्यसपछि गुण्डागर्दी नियन्त्रण, अन्य अपराधिक घटना नियन्त्रणसँगै, लागुऔषध, ट्राफिक व्यवस्थापन तथा आन्तरिक सुधारमा विषय आउने छ ।

खिम माया पुन घटनामा गम्भीर आशंका

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २ फाल्गुन ।

लेखनायकी खिम माया पुनको हत्या भएको भन्दै आफन्तले छानविनको माग गरेका छन् । म्यादीको राम्चे १ स्थायी घर भई हाल लेखनाथ १२ निवासी २९ वर्षीय पुनको माघ २६ गते विहान वेगानासतालमा शव भेटिएको थियो । उनको तालमा डुबेर नभई बैंक मेनेजरको संलग्नतामा हत्या भएको आफन्तको आरोप छ । तालमा तैरिरहेको अवस्थामा शव भेटिएपनि तत्काल पहिचानको कुनै वस्तु नभेटिंदा पहिचानको कुनै वस्तु नभेटिंदा पहिचान हुन सकेको थिएन । मृत्यु भएको ४८ घण्टा भन्दा बढी भइसकेपछि शव भेटिएको हो । शवको अनुहार र शरीरका अन्य भाग पानीमा डुबेर कुहिएका छन् । शवको दाहिने हातमा 'खिम माया' लेखिएको छ ।

खिम मायाको हत्यामा संलग्न भएको आरोप लगाउदै जिल्ला प्रशासन कार्यालय कास्कीमा आइतबार ज्ञापनपत्र समेत बुझाएका छन् ।

फेवा विकास बैंकको गगनगौंडा शाखामा डेढ वर्षदेखि कार्यरत उनी माघ २४ गते शाखा प्रमुख अरुण सापकोटाको निर्देशनमा अफिसबाट बाहिरिएकी थिइन् । सापकोटाले प्रगति विवरण बुझाउन गरिएको आग्रह मेटर गरेकाले सो दिनका लागि घर जान भनेको आफन्तले बताए । शाखा प्रमुख सापकोटाकै कारण आफ्नो छोरीको ज्यान गएको खिम मायाका बाबु प्रेम बहादुरको दावि छ । खिम मायाको मृत्यु स्वभाविक नभइ हत्या भएको आशंका छ तसर्थ घटनाको गहिरो छानविन गरी घटनाबारे सत्य तथ्य पत्ता लगाइ दोषी उपर कडा कारवाहीको माग गरेछौं पीडितको तर्फबाट नेपाल सशस्त्र प्रहरी नागरिक भनिएपनि खिम माया रहेको त्यस खुलेपछि आफन्तले अहिले उनको हत्या भएको आशंका सहित गहिरो अनुसन्धानको माग गरेका छन् । उतिबेलै खिम मायाको हत्याका उनी कार्यरत बैंक मेनेजरकै संलग्नता रहेको आरोप लगाउदै जिल्ला प्रशासन कार्यालय कास्कीमा आइतबार ज्ञापनपत्र समेत बुझाएका छन् ।

फेवा विकास बैंकको गगनगौंडा शाखामा डेढ वर्षदेखि कार्यरत उनी माघ २४ गते शाखा प्रमुख अरुण सापकोटाको निर्देशनमा

■ रिसलाई प्रेमले, झगडालाई मेलले र अन्धकारलाई प्रकाशले जिती
- पूर्णराजा महेन्द्र शाह

सम्पादकीय ...

प्रमको भारत भ्रमण र अपेक्षा

प्रधानमन्त्री केपी शर्मा ओलीको आगामी फागुन ७ गते भारत भ्रमण निधो भएको छ। नाकाबन्दी नखुली भारत भ्रमण नगर्ने अडान लिएका ओलीको भ्रमणले द्विपक्षीय राजनीति र कूटनीतिमा विशेष महत्व राख्ने अपेक्षा गरिएको छ। नेपालको आन्तरिक राजनीतिमा चासो राख्दै आएको भारतले नयाँ संविधानको अन्तरवस्तुप्रति असहमति राख्दै पाँच महिना लामो नाकाबन्दी गऱ्यो। असल छिमेकी राष्ट्रको गरिमा तोड्दै सम्बन्धमा एकाएक चिसोपना उत्पन्न हुन पुग्यो। नेपाली जनतामा एकाएक भारतविरोधी भावना पैदा गरायो। भारतले नाकाबन्दीजस्तो अमानवीय काम गरेका कारण युवामा भारतप्रति नकारात्मक भावना जागृत भयो। नाकाबन्दीका कारण मुलुकले भोग्नु परेको चरम अभाव र आर्थिक संकटको लेखाजोखा हुन सकेको छैन। इन्धन अभावले सर्वसाधारणको चुल्होदेखि अत्यावश्यकीय औषधिसमेत आयात हुन नसक्दा नेपालले भोग्नु परेको मानवीय संकटबारे विश्वसमुदायले मुख खोल्यो। मुलुकमा आत्मनिर्भरता बढ्न नसक्दा सामान्य दैनिकीसमेत कति कष्टप्रद हुँदोरहेछ भन्ने ज्वलन्त उदाहरण हामीले भोग्यौं। भारतसँग एकल परनिर्भरता कति पीडादायी बन्यो भन्ने आभाष हरेक नेपाली जनताले महसुस गरेका छन्। अहिले अघोषित रुपमा भारतीय नाकाबन्दी हटेको छ। तर, नाकाबन्दीको हाउगुजी मानसिक रुपमा हट्न सकेको छैन। भारतले पटकपटक नाकाबन्दीको अस्त्र प्रयोग गरेका कारण विश्वस्त हुने आधार पनि छैन। अहिले एक हदसम्म राष्ट्रियताका सवालमा प्रधानमन्त्री ओलीको नाका नखुली भारत नजाने अडान सफल भएको छ। ओलीको भ्रमण कति फलदायी हुने भन्ने कुरा उनले अाँघ सार्ने एजेन्डा र आत्मनिर्भरताका विषयमा गर्ने छलफलबाट प्रस्ट हुने कुरा हो। भारतसँग रोटीबेटीको सम्बन्ध र आपसी सद्भावले मात्र द्विदेशीय समस्याको सम्बोधन हुन सक्दैन। ग्यास, इन्धनलगायत अत्यावश्यक सामग्रीको आयात सहज हुँदैमा दुई छिमेकीको सम्बन्ध विकसित हुन सक्दैन। जबसम्म व्यावसायिक सम्बन्ध मजबुत रुपमा अघि बढ्न सक्दैन, तबसम्म मुलुकले परनिर्भरता बेहोर्नुपर्दछ। प्रधानमन्त्रीको भारत भ्रमण बहुपक्षीय व्यावसायिक सम्बन्ध बढाउन केन्द्रित हुनुपर्छ। नेपालले नाकाबन्दी बेहोर्नुपर्दा कूटनीतिक रुपमा सम्बन्ध सुधारको प्रयत्न हुन सकेन। ओलीको भ्रमण ग्यास, इन्धनलगायत अत्यावश्यक सामग्रीको सहज आयातका लागि याचनामा सीमित हुनुहुँदैन। रोटीबेटी र सांस्कृतिक सम्बन्ध सुधारका लागि भ्रमण सीमित हुनुहुँदैन। नेपाल कृषि, जलविद्युत्लगायत थुप्रै क्षेत्रमा आत्मनिर्भर बन्न सक्ने योजना प्रस्तुत गर्नुपर्छ। नेपालको बिजुली भारतमा निर्यात गर्न सकिने प्रशस्त सम्भावना नभएका होइनन्। त्यही कारण भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउँदा नेपालको बिजुलीले भारतमा उज्यालो दिने प्रसङ्ग उठाएका थिए। त्यो सम्भावनालाई केन्द्रमा राखेर अवरुद्ध जलविद्युत आयोजना समयमै सम्पन्न गर्ने योजना प्रस्तुत गरी व्यवसायिक रुपमा सम्भौता गर्न सक्नुपर्छ। प्रधानमन्त्री ओलीको भ्रमण व्यवहारिक र व्यवसायिक सम्बन्ध विकसित गर्नेतर्फ केन्द्रित हुनु जरूरी छ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल फाल्गुण ३ गते सोम्बार, तदनुसार फरवरी १५ सन् २०१६, श्रीशार्के १९३७, नेपाल संवत् ११३६, कौलकनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शिशिर ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार माघशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज माघशुक्लपक्षको अष्टमी तिथि ५३ घटि ३७ पला अर्थात रातिमा ३ बजेर ५७ मिनेटसम्म त्यसउपान्त नवमी तिथि लाग्नेछ। आज सूर्य कुम्भ राशिमा, चन्द्रमा मेष राशिमा अहोरात्र रहनेछ। आज दिनमान ७७ घटि ४४ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४४ मिनेटमा मैत्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ४३ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : राजु भाइमा मनमुटाव हुन सक्ने, धन हानीको योग रहेकोछ, अपजस आइ लाग्ने, मानसिक असन्तोष हुने।

वृष : धन प्राप्ति, सबै प्रकारको कार्यमा सफलता, हर्ष र खुशीका समाचार सुन्नुपर्ला, साथीभाइको सहयोग पाइने।

मिथुन : आफन्तसँग झगडा हुने, कार्यमा विघ्नबाधा आइलाग्ने, पेट वा कम्मर रोगले सताउनेछ, सतर्क हुनुहोला।

कर्कट : आरोग्यता, एक्कासि धनलाभ हुन सक्ने, इष्टसिँगसँग भेटघाट हुनेछ, कार्यमा सफलता मिल्नेछ, दिन रामो छ।

सिंह : यात्रा असफल, खानामा गड्बडी हुन सक्ने, कार्य अधुरा रहनेछन्, छोराछोरीले सताउने, वायु रोगले सताउने।

कन्या : व्यापार व्यवसायमा घाटा, आफन्तले नै विरोध गर्ने, काम अधुरा रहनेछन्, स्वास्थ्य राम्रै रहेपनि मनमा अशान्ति हुने।

तुला : गुमेको धन हातलाग्ने, पारिवारिक सहयोग पाइने, यश कीर्ति बढ्ने, पढाइमा मनजाने दिन रामो छ।

वृश्चिक : शोक पर्ने समाचार सुन्नुपर्ला, एक्कासी विवाद पर्ने, नकारात्मक सोचाइले शत्रु वृद्धि हुने।

धनु : समाजमा झगडा बढ्नेछ, इज्जतमा आँच आउने, मन चञ्चल रहनेछ, पेट रोग लाग्ने, सतर्क रहनुहोला।

मकर : विद्यामा प्रगति हुनेछ, प्रेम प्रसङ्गमा सफल रहनेछ, यात्रा फलदायी, आर्थिक वृद्धि हुन सक्ने, दिन शुभ छ।

कुम्भ : शत्रुमाथि विजय, घरमा नयाँ चहलपहल, धनलाभ, सबै काममा सफलता, समयको सदुपयोग गर्नुहोला।

मीन : मानसिक पीडा थपिनेछ, प्रेममा विछोड़ हुन सक्नेछ, आयश्रोत घट्ने, पारिवारिक झमेला हुनसक्ने।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४९१४७३६९

चारबुँदेमा फसेको भारत र मधेसमा महागठबन्धनको सकस

मधेसको समस्या सीमांकन हो। समस्या समाधानको विकल्प समिति र उपसमिति मार्फतको प्रस्ताव पनि भारतीय पक्षसँग भेटेर कमल थापाजीले नेपाल ल्याएको ४ बुँदे मार्फत हो। तर, त्यो पनि जारी मधेस असन्तुष्टिको निकास होइन। सरकारी पक्षले मोर्चा अाँघ सारेको विकल्प पनि त्यही हो, ४ बुँदे हो। तर, मधेसको समस्या समाधानको संकेत तत्काल छैन।

मोर्चाको मार : मोर्चाले तीन महिने प्रक्रियालाई अलि पृथक बनाउँन चाहेको छ। सिमांकन बारे मोर्चाको धारणा अनुसार पस्ताविल विकल्पको प्रसोधन हुनुपर्दछ।

नेताहरुले पहिले नै जनतालाई निकै धोका दिएको र अबको परिप्रेक्ष्यमा फेरि त्यसै गर्योभने जनतासँग जान नहुने स्थितिको सिर्जना हुने बुझाइ छ। त्यसैले साँच्चिकै पुनः सीमांकन हुने कि नहुने भन्ने कुरा पत्यार लगाउँने केही बुंदा थप्न चाहेको छ। गिरिजाप्रसाद कोइरालासँग विगतमा गरिएको अंतरिम सम्झौतालाई नयाँ संविधानले ठाउँ नदिएर विश्वासघात गरेको भन्दै यसपालि आन्दोलनकारी जुनसुकै हालतमा आन्दोलनलाई निरन्तरता दिनुपर्ने पक्षमा छन्। त्यसकारण पनि मधेसी नेता जे पायो त्यही सम्झौता गर्न हिच्किचाउँछन।

अर्को कारण के हो भने मधेसी जनता माग्रहरुबारे निकै स्पष्ट रहेकोले ढाँट्न नमिल्ने डर समेत यसपालि नेताहरुमा व्याप्त छ। मधेसी जनता आफैले पूर्ण रुपमा आन्दोलन मत्थर नगरुन्जेल कुनै पनि सम्झौता नगर्ने मुडमा छन् मोर्चापतिरुु।

त्यस्तै स्थिति उपज हुने खेल भएको छ। उपेन्द्र र महन्थजी आन्दोलनको कार्यक्रम तीव्र रहेका बेला सिंघिल बसे। मोर्चाको आन्दोलन विषयक केन्द्रबाट पनि पहिले जस्तो विज्ञप्ति समयमा आउन छाड्यो। दिल्लीबाट फर्के पनि कुनै ठोस रणनीति सार्वजनिक गरिएन। आन्दोलनकारी भ्रममा परे वा पारिए, जसले मधेसी जनताको आत्मबललाई कमजोर बनाइरह्यो।

क्रान्तिकारी राजेन्द्रजीको अभिव्यक्तिले भ्रम चिर्दै भन्यो-सबै नेता ज्यूहरु आन्दोलनलाई लिएर प्रष्ट हुनु भएन। एउटाले खोल अर्को नखोल भन्छ! फलस्वरूप वीरगंज नाका कमजोर भयो।

त्यहाँ भएका मोर्चा विरोधीबाट जुनकुनै आंकलन लगाए पनि त्यससाई सड्क आन्दोलनकारीले 'फुस्ट्रेसन' को रुपमा लिएको छ, जुन, अस्पष्ट नेतृत्वकतामाथि स्पष्ट आन्दोलनकारीको थियो।

केही मात्रामा आन्दोलनकारी ओझेल पारिए पनि ६ महिनादेखि सर्वस्व लुटाएका आम मधेसीहरु केही नेपाएकाले मनमनै दमित छन्। उनीहरूले आन्दोलनको भरपर्दो नेतृत्व पर्खेका छन्-यो महागठबन्धन सम्भावित एउटा कमी हुन सक्छ।

मधेस आन्दोलनकी मर्मरताकत के छ भने-आन्दोलनका घुसपैठिया समेत आन्दोलनको सम्बोधन हुनुपर्ने पक्षमा छन्। आन्दोलन विगतमा गरेका सम्झौताहरु कार्यान्वयन गर्न माग गर्दै शरू भएको हो। वर्तमान राजनीति भनेको लामो समयदेखि आन्दोलनमा रहेको मधेसको भावनालाई तैपनि किनारा लगाउँदै पुरानै किसिमको वार्तार सम्झौता गरेर भारतले नेपाल सरकारलाई ४बुँदे निकास अगाडि धुंडा टेकेको हो। शुरुदेखि आन्दोलनको समर्थनमा रहेका भारतीय पक्ष अहिले मौन छन।

पुरानै किसिमको बाचा गरेर आउँदा मोर्चाको अस्तित्व मधेसबाट पलायन हुने खतरा मोर्चा उपर छ। यसै संवेदनशीलतालाई बुझेर मोर्चा उपर भारतीय सत्तापक्षधरको दबाव रहे पनि र आन्दोलन लामो भए पनि त्यससाई कमसेकम वैधानिकता हुनुपर्ने पक्षमा रहेका छन्।

४ बुँदमा फसेको भारत : भारतले दिएको ४ बुँदेले पनि वैधानिकता विषयक सवाललाई सम्बोधन गरेको छैन। भारत आफैले दिएको समझौतापत्र र सुझावमा फसेको छ। सरकार नाम मात्रको, विगतको जस्तै सम्झौता गर्न अगसर देखिन्छ। आन्दोलनकारी नेताहरू नेतृत्व बचाउन चित्त बुझ्ने वैधानिक आधार चाहन्छन् तर, चित्त बुझाउन भारतले सम्झौता पश्चात नेपाल सरकारलाई दबाव दिन नसक्ने वातावरण छ।

अन्तर्राष्ट्रिय स्तरमा भारतले नाकबन्दी गरेको भन्दै अगाबै धेरै आलोचना खेप्नुपरेको अर्को एक कारण छँदै छ। जसकारण पनि उ तत्काल चुप लाग्न चाहन्छ। विगतजस्तै सत्तापक्षसँग रामो सम्बन्ध गाँस्न चाहन्छ। मधेस दमनलाई विर्सन चाहन्छ। कतिपयले यसलाई भारत विरुद्धको कथित नेपाली राष्ट्रवादको भूतको प्रतिकात्मक ओलीजीलाई भारत भित्र्याई दिल्ली भ्रमणकी गैतिरियाज कायम राख्न भारतले तत्काल मौनता राखेको पनि भन्छन्।

स्वर्गीय शुशील कोइरालालाई भद्र सहमति तोड्न लगाएर प्रमको पक्षमा अघि सारेर ठूलो पाटी हुँदाहुँदै पनि अपार बनाएजस्तो र मोर्चालाई ४ बुँदे मार्फत मधेसको साथ छोड्नलगाएर ओलीजीलाई दिल्ली बोलाउने 'रोडम्याप' हो भारतको। ओलीजीलाई भारत भित्र्याए भारतपरस्त रहेको, अर्थात भारतविरोधी नरहेको तस्वीर नेपाली र अन्तर्राष्ट्रिय निकाय अगाडि उदांगो पार्न चाहन्छ दिल्ली।

नयाँ गठबन्धको सकस : मधेस आन्दोलन अहिले नेपाल सरकार र भारत सरकारको चेपोमा परेको स्थिति विद्यमान छ। मोर्चा र बाट ७ दलीय बने पनि सरकारमाथि नेतृत्व कमसेकम वैधानिकता हुनुपर्ने पक्षमा रहेका छन्।

अनुज मिश्र

आफ्नो अलग छवि वा दबदबा कायम गर्न नसके मधेस आन्दोलन नाम मात्रको सहमतिमा टुंगिने डर छ। तुंहिने भनेको सीमांकन (सटमलाइन) समितिको प्रक्रिया मार्फत हो। मार्ग पुरा होस् वा नहोस् कतै आवाज उठाउन नसिम्ने १ र, थपिने भनेको निर्देप (टीओआर) हो। अर्थात पुरा नभए आवाज उठाउँने आधार बन्ने।

सँविधानको पुनर्लेखन वा मार्ग पुरा नहुञ्जेलसम्मको मार्ग भएको आन्दोलनलाई यो सरकारको वर्तमान रवैयाले सहजै नसच्याउने निश्चित छ त्यो सम्भव एउटै अर्थमा हुनेछ, जब नयाँ गठबन्धनले मधेसी जनतालाई पूर्णरुपमा विश्वासमा लिएर हिंड्छ। त्यसका लागि दिल्ली र काठमाण्डौ भन्दा मधेसको स्थानिक महत्वलाई विशेष ध्यान दिँदै नयाँ गठबन्धन अगाडि बढ्नुपर्ने देखिन्छ।

भावनात्मकरूपले सबै आन्दोलनको पक्षमा रहेतापनि ढुलमुल नेतृत्वपति मयंकर आकोश मधेसमा छ सम्भवतः यो आगामी सय वर्षसम्मका लागि मधेसको अधिकारका लागि अन्तिम प्रयास हुनेछ, जसमा कुनै त्रुटीको अपेक्षा मधेसीले सहन गर्ने छैनन्। यो फेल भए लोकतान्त्रिक मुलुकको गरिमाका निम्ति दुःखदायी हुनेछ।

साभार : अनलाइन खबर

सरस्वती आदर्श विद्याश्रमको वार्षिकोत्सव

गोल्डेन न्यूज संवाददाता
पोखरा २ फाल्गुन ।

पोखरा उपमहानगरपालिका-१९ मा सञ्चालित सरस्वती आदर्श विद्याश्रमको २७औं वार्षिकोत्सव एवम् अभिभावक दिवस सम्पन्न भयो। 'नैतिक संस्कृतिको जगेर्ना, एकता र राष्ट्रियता आजको आवश्यकता' मूल नाराका साथ सम्पन्न भएको कार्यक्रमको उद्घाटन गर्दै नेपाल सरकारका पूर्व सचिव बाबुराम आचार्यले विद्यालयबाट धेरैले पाठ सिक्नुपर्ने बताए।

कार्यक्रममा विद्यालयका प्रशासक स्वागतसिंह भण्डारीले विद्यालयका गतिविधिको बारेमा प्रकाश पारेका थिए।

कार्यक्रममा होम्स उमाविका निर्देशक अशोक पाँडेखे र अभिभावक एवम् पृथ्विमाञ्चल इन्जिनियर क्याम्पसका क्याम्पस प्रमुख नारायण गौतमले शिक्षा विकासमा विद्यालयले उल्लेख्य योगदान दिएको बताएका थिए। विद्यालय र विद्यालयमा कार्यरत शिक्षक कर्मचारीबाट हरेक वर्ष कुनै न कुनै क्षेत्रमा सहयोग गर्ने प्रचलन अनुसार यस वर्ष पोखरा-१९ घामीमा सञ्चालित महेन्द्र मा.वि. लाई शिक्षक कर्मचारीबाट सङ्कलित ३४ हजार ५०० र विद्यालयबाट ३५ हजार ५०० रुपैयाँ थप गरि ७० हजार रुपैयाँ बराबरको फर्निचर सामग्री हस्तान्तरण गरिएको विद्यालयले जनाएको छ।

कार्यक्रममा एसएलसी परीक्षा २०७० र २०७१ मा विद्यालयबाट सर्वोत्कृष्ट अङ्क हासिल गर्ने छात्र क्रमशः कृष गुरुङ र मनिष पुन्याएको विद्यालयकी प्रधानाध्यापक कौशल्या गुरुङले जानकारी दिइन। सो अवसरमा विद्यार्थी हरुले सङ्गठनल हातामिश्र रमाइलो गीत उपहारीलाई सरस्वती पुरस्कार, नगद ५ हजार रुपैयाँ प्रमाण पत्रले सम्मान गरिएको थियो।

यस्तै विद्यालयमा निरन्तर १० वर्ष वा सोभन्दा बढी सेवा गर्ने शिक्षक कर्मचारी क्रमशः रेनु रिजाल, हरिबहादुर जिसी, हरिलाल कुमाल र माया थापालाई पनि नगद १२ हजार रुपैयाँ, डोसल्ला र प्रमाण पत्रले सम्मान गरिएको थियो।

विद्यालय व्यवस्थापन समितिका सदस्य बमबहादुर गुरुङको सभापतित्वमा सञ्चालित कार्यक्रममा विद्यालयकी भाइस प्रिन्सिपल नीलम गनाले स्वागत, अतिरिक्त क्रियाकलाप प्रमुख गोविन्द चापागाईले सञ्चालन र विद्यालयका नृत्य निर्देशक सविन गुरुङ लगायतले पनि बोलेका थिए।

नवदीप बोर्डिङ स्कुलका विद्यार्थीको भ्रमण

गोल्डेन न्यूज संवाददाता
पोखरा २ फाल्गुन ।

पोखरा १० शिवचोकमा रहेको नवदीप बोर्डिङ स्कुलमा अध्ययनरत विद्यार्थीहरुलाई वार्षिक कार्यक्रम अन्तर्गत शैक्षिक अवलोकन भ्रमण लगिएको छ। विद्यार्थीलाई सैद्धान्तिकसँगै व्यवहारिक ज्ञान प्राप्त होस् भन्ने उद्देश्यले एक दिने शैक्षिक अवलोकन भ्रमणमा सहभागी गराइएको विद्यालयले जनाएको छ।

कक्षा नर्सरी देखि १० सम्मका ३ सय बढी विद्यार्थीहरु शैक्षिक अवलोकन भ्रमणमा सहभागी भएका थिए।

उनीहरुले पोखरा १७ मा रहेको अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयको भ्रमण गरेका थिए। सङ्ग्रहालयमा रहेका सांस्कृतिक, जातीय पहिचान, भौगोलिक भुवनोटका शव तस्वीर र त्यसको वर्णनलाई विद्यार्थीहरुले अभिरुचि पूर्वक अध्ययन अवलोकन गरेका थिए। कितावी कोरा ज्ञानलाई प्रयोगात्मक स्वलगत रुपमै जानकारी दिने उद्देश्यमा शैक्षिक अवलोकन भ्रमणले सहयोग गरेको विद्यालयले जनाएको छ।

लेटस एकेडेमीमा खेलकूद

पोखरा २ फाल्गुन ।

पोखराको नयाँबजारस्थित लोटस एकेडेमिक स्कूलमा आइतवारदेखि दुई दिने खेलकूद प्रतियोगिता सुरु भएको छ। प्रतियोगिताको उद्घाटन गर्दै विद्यालयका प्राचार्य कर्ण गुरुडले विद्यार्थीहरुको खेल प्रतिभालाई उजागर गर्न विद्यालयले हरेक वर्ष खेलकूद कार्यक्रम गर्दै आएको बताए। विद्यालयका इन्चार्ज मित्रलाल पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा विद्यार्थीहरुले भलिवल, फुटबल, टेबल टेनिस, कबड्डी लगायत विभिन्न १५ विधामा प्रतिस्पर्धा गर्ने खेलकूद संयोजक दीपेन्द्र थापा मगरले जानकारी दिए। आइतवार नर्सरीदेखि कक्षा ५ सम्मका प्रतियोगिताहरु सम्पन्न भएका थिए।

विकास निर्माणका कार्यले तीव्रता पाउँछ–खड्का

गोल्डेन न्यूज संवाददाता
पोखरा २ फाल्गुन ।

सांसद कुमार खड्काले राजनीतिक संक्रमणको अन्त्यसँगै विकास निर्माणका कार्यले तीव्रता पाउने बताएका छन् । मनकामना आमा समूह र महेन्द्र मावि पोखरा-१९ घामीले शनिवार आयोजना गरेको स्वागत कार्यक्रममा बोल्दै सांसद खड्काले विनाशकारी भूकम्प र भारतीय नाकाबन्दीले विकासका काममा अवरोध पुगेको बताउँदै, अब सरकार गम्भीर भएर पूर्वनिर्माण संगसंगै विकासका काममा लागुपर्नेमा जोड दिए । घामीका जनताले भोग्दै आएका समस्याप्रति चिन्ता व्यक्त गर्दै खड्काले विकासका काममा आफूले कसैलाई काखा कसैलाई पाखा नगर्ने बताए । त्यस अवसरमा मातृभूमि बचत समूहका अध्यक्ष बुद्धिराज पौडेल, कांग्रेस इकाइ सभापति महेश्वर पौडेल, एमाले बडा कमिटीका उपाध्यक्ष डिल्लीराज पौडेल, आमा समूहका उपाध्यक्ष लिला पौडेल, महेन्द्र मावितका प्रधानाध्यापक वासुदेव पौडेल, नन्दराज दाहाल लगायतले घामीका समस्याका बारेमा अवगत गराएका थिए ।

सांसद खड्काले विकास निर्माणका आयोजनाको इस्टिमेट उपलब्ध गराउन आग्रह गर्दै आमा समूहको निर्माणाधिन भवनलाई सम्पन्न गर्न सहयोग गर्ने प्रतिबद्धता जनाए । समूहले निर्माण गर्न लागेको भवन आंधिक अभावका कारण रोकिएको छ ।

अन्तर संकाय वक्तृत्वकला

गोल्डेन न्यूज संवाददाता
पोखरा २ फाल्गुन ।

छोरेपाटन उच्च माध्यमिक विद्यालय पोखरा १७ ले अतिरिक्त क्रियाकलाप अन्तर्गत अन्तर संकाय वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरेको छ । विद्यार्थीहरुमा रहेको अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराउने उद्देश्यका साथ स्वाधिनताका लागी आत्मानिरभरता विषयक प्रतियोगितामा कुल १३ जना विद्यार्थीहरुले सहभागिता जनाएका थिए । कार्यक्रममा विद्यालयका प्राचार्य लक्ष्मण थापाले वर्तमान परिपेक्षमा बोल्ने कलाले नै विद्यार्थीहरुको ज्ञानको प्रस्फुटन गर्न सहज हुने भन्दै नियमित अध्ययनका साथ अतिरिक्त क्रियाकलापमा भाग लिन आग्रह गरे । कार्यक्रमा कक्षा ११ विज्ञान संकायका पूजा अधिकारी प्रथम, सोही संकायका सञ्जय पौडेल द्वितिय र स्वस्तिक सुवेदीले तृतिय स्थान प्राप्त गर्न सफल भएका थिए । साथै कक्षा १२ विज्ञान संकायका समिर पौडेल, व्यवस्थापन संकाय कक्षा १२ की अनिषा अधिकारी र मानविकी संकाय कक्षा १२ को विकास पौडेलले सान्त्वना स्थान प्राप्त गरेका थिए । कार्यक्रममा निर्णायक मण्डलकी रुपमा विद्यालयका सहायक प्राचार्य डिल्लीराम शर्मा, शिक्षक लालमणि पोखरेल र खेमराज पौडेलले भूमिका निर्वाह गरे । कार्यक्रमको सञ्चालन शिक्षक डिल्लीराम बराल र सभापतित्व अतिरिक्त क्रियाकलाप उप-समिति संयोजक तोयानाथ लामिछाने गरेका थिए ।

युवा संघ कास्की १ मा तिमिल्सिना

पोखरा २ फाल्गुन ।

युवा संघ क्षेत्र नम्बर १ को तेस्रो क्षेत्रीय अधिवेशनले रामचन्द्र तिमिल्सिनाको अध्यक्षतामा नयाँ कमिटी निर्वाचित गरेको छ । शनिवार लेखनाथमा सम्पन्न अधिवेशनले सर्वसम्मत नेतृत्व चयन गरेको हो । कमिटीको उपाध्यक्षमा प्रविण सुनार, सचिवमा रामराज अधिकारी, सहसचिवमा टोपबहादुर श्रेष्ठ, कोषाध्यक्षमा इच्छु गुरुङ निर्वाचित भएका छन् । यस्तै सदस्यहरुमा डिलबहादुर क्षेत्री, पदमराज पौडेल, शेरबाजी गुरुङ, टिकाराम गुरुङ, प्रकाश सापकोटा, रेशम थापा, विकल रानाभाट, रन्जित गुरुङ, महेश अधिकारी, सुनिल गुरुङ, खेम गुरुङ, केशवबहादुर गुरुङ, कुमारबहादुर क्षेत्री, निषेश अधिकारी, ध्रुव थापा, गोविन्द कडेल, सुदिप परियार, धनबहादुर गुरुङ र सरोज भट्टराई चयन भएका छन् । अधिवेशनको एमाले नेता एवं पूर्वमन्त्री खगराज अधिकारीले उद्घाटन गरेका थिए । कार्यक्रममा एमाले कास्कीका अध्यक्ष कृष्ण थापा, युवा संघ सचिव माधव बास्तोला, युवा संघ गण्डकी अञ्चल अध्यक्ष नवराज ओझा, संघ कास्कीका अध्यक्ष विष्णु पुन लगायतले युवा संघका बारेमा बोलेका थिए । अधिवेशनमा लेखनाथका १५ बडा र १५ गाबिसका गरि २ सय प्रतिनिधि तथा पर्यवेक्षकको सहभागिता रहेको युवा संघ कास्कीका अध्यक्ष विष्णु पुनले जानकारी दिए ।

अन्य रोग...

जोखिम भएको थियो । उक्त जोखिमकै कारण आफूहरुले छिट्टै डिस्चार्ज गरेको उनले बताए ।

डा.न्यौपानेका अनुसार संक्रमण इन्फेक्सन न्यूनतम ४ हजारदेखि १० हजारसम्म हुनुपर्नेमा उनको स्वास्थ्य रिपोर्टको आधारमा २३ हजार १ सय संक्रमण इन्फेक्सन देखिएको भए पनि हाल ८ हजारमा झरेको छ । खरेन्द्र गिनिज बुक अफ दी वर्ल्डमा ८ महिना आफ्नो नाम लेखाउन सफल भएका व्यक्ति हुन् । खरेन्द्रलाई फेवा सिटी अस्पताल एवं डा.हेमप्रसाद न्यौपानेले खरेन्द्रको स्वास्थ्य परीक्षणपछि निशुल्कमा परीक्षण गरराउँदै आएका छन् ।

प्रो. वद्री के.सी. : ८८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्की : ८८५६०३९८७२
प्रो. राजेश के.सी. : ८८५६०३७३७७

इन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानिक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्पर्कमुहोस् ।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

विदेश जानेहरुका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin वुर्ज र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गाई तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन गरेरको हँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरु :-
तयारी कक्षा छलाछल्ल बलिरहेको छ ।
०शतप्रतिशत उत्तीर्ण गराउन सफल ०आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराइने ।
०१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गाईमा पास गराउन सफल

सम्पर्क फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुलितवाप विकास बैंकको अगाडि, पोखरा बिजनेस कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५२०५२, मो. ९८४५-०१४२६

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कन्सर्न

एशियन पेन्टस्, रोयल ईम्पायराका साथै सिपेजको समस्या साधान . वाटर प्रुफिङ् गरिन्छ ।

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१

अमरसिंहचोक, पोखरा, कास्की

डिलर: एशियन पेन्ट

नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

अनेक समस्या सफल उपचार

ज्यादिक: खाजा रुचि नहुने, अमिलो पानी आउने, झरिलत, डकार आउने जस्तो सुकै पुरानो ग्यास्ट्रिकको सफल उपचार ।

यौन समस्या: शिघ्र स्खलन, उत्तेजना नहुने, शिघ्र विलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

महिला सम्बन्धि समस्या
महिनावारी अनुवाही, सेतोपाली बग्ने, योनी चिलाउने, नस्सी पेट दाह कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा दाहिने गर्ने, यौन छाताभाला कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई कैहि दिनमै छुटाउने

सुन्दरता :- काली घाघी पोतो, डण्डिफोर, दाग धब्बा, मस्किया, कोठी, चाउरपिन हटाई पुरि शरिर गोरो बनाउने ।

थप उपचार :- ऐसर, सुनर, जण्डिस, पिसास, पाइल्स, इम साथै बाथ, हाड कम्मर, हाड झोली परे शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

फिरदम आयुर्वेद पसल
एभरेष्टचोक, पोखरे, मुरलिचाम विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२३४५६८, मो. ९८४६१३०४९८

फि लोड गरिएमा

खुशीको खबर !

के तपाईलाई लागीभागी भई छेभेर गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै हाड दुखेको, बाथ, शुकी, बाँझोपन हटाउने, ग्याष्ट्रिक, रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जुठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिस्चाँचोक प्रतिष्ठालय नजिक)
बडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५५

वाया, पोतो र डण्डिफोर Bye Bye

- वाया, पोतो, डण्डिफोर र नखिचालाई एक हप्ताभा नै हटाइनुका साथै गोरोपना बढाउने
- साथमा मोटोपन घटाउने र बढाउने पनि ।
- कपाल भर्ने रोकें, उमार्ने Hair building fiber.
- सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
- मर्गिनामा ३ पै-३ इन्च हाइट बढाउने Step-Up.
- चाउरिपना हटाउने
- पिनासका लागि सफल उपचार । Skin Test गरिन्छ ।
- ग्यास्ट्रिक उपचार
- Breast घटाउने बढाउने..पेटमा भएको सेतो धर्सा हटाउने ।
- बाहिरी नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, कैही दिनमा नै छुटाउने ।

नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।

बिहानी ब्यूटी ट्रेडर्स

घिरौदेचुर, पोखरा-८, फोन: ०६१-५२७६५४
(लक्ष इम्पोरियमको अगाडि हा.क्लबस्थ भव्य दुई घर तल)

पसल बिक्रीमा

पोखरा घिरौदेचुरगाको मुख्य सडकस्थित अति चालु अवस्थामा रहेको पसल तुरुन्त बिक्रीमा छ। विशेषगरि मोवाइल, ट्राभल्स एजेन्सी कस्मेटिक, बुटिक, कपडाको भोलुम वेशिशमा व्यवसाय गर्न सकिने उपयुक्त ठाउँ ।

सम्पर्क : ९८४८१ ४५४००

तु-अवश्यकता

पोखराको मोहन्दुलमा रहेको कोशेली प्रकाशन पुस्तक पसलका लागि केही पुरुष कर्मचारी आवश्यक परेको हुनाले एसएलसी उत्तीर्ण/+२ वा सो सरह र मोटरसाइकल चलाउन जान्ने इच्छुक र इमान्दार व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

कोशेली प्रकाशन मोहन्दुल, पोखरा
०६१-५२०६४४

तु-अवश्यकता

ल्याप्स्टेक ग्रुप	२/ ५ जना
रिसेप्सनिष्ट (डेन्टिस्ना)	३ जना
मार्केटरी टिचरस्(कृ)	२ जना
मेडिकल पसल/क्लिनिक सेल्स (सेल्सवोय)	३
डेन्टल क्लिनिक सेक्रेटरी (रिसेप्सनिष्ट)	४ जना
सहायारी म्यानेजिङ	३ जना
रेस्टुरी वा लाईसेन्स भएको लेबिज	५ जना

हाम्रो ल्याप्टेस्तापु पोखरामा आफ्नै सम्पूर्ण सालको काम र सम्झार उपलब्ध गराउछौं ।

सम्पर्क कसल्टेन्सी, बुटवोक पोखरा
०६१-५२५८२, २२८७८, ९८४६१६६५८०

आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो । ईन्द्रै बिन्ती गरून् भुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ।।

हार्दिक समवेदना

जन्म:
वि.स.: २०२०/०८/०८

स्वर्गारोहण
वि.स.: २०७२/१०/२६

स्व. शान्ति श्रेष्ठ

कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं.१७, घारीपाटन निवासी, फूलवारी नेवा: गुठी पोखरा-११,रानीपौवाका सक्रिय सदस्य श्री महेशकुमार श्रेष्ठकी धर्मपत्नी शान्ति श्रेष्ठको ५२ वर्षको उमेरमै अकल्पनीय, असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं। चौतर्फी सन्तोष, सुख र आनन्द प्राप्त भइरहेको अवस्थामा उहाँको निधन भएको आज सातौं दिनको पुण्य तिथिमा उहाँको स्मरण, दिवंगत आत्माको चीरशान्तिको कामनाका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै अपुरणीय क्षतिको यस दुःखद् घडिमा शोकसन्तप्त परिवारजन तथा आफन्तजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

अध्यक्ष (नाय:)	सचिव	कोषाध्यक्ष	सह-सचिव
शान्त कुमार श्रेष्ठ	अमर कुमार श्रेष्ठ	नारायण श्रेष्ठ	शान्तरत्न गुभाजु

सदस्यहरु

गोपीमान श्रेष्ठ	नरेन्द्रकुमार श्रेष्ठ	क्या. गणेशकुमार श्रेष्ठ	गुप्तमान श्रेष्ठ	रवि सुन्दर श्रेष्ठ	कृष्ण मानन्धर
भक्तमान श्रेष्ठ	बाबुराम श्रेष्ठ	भलकबहादुर श्रेष्ठ	वसन्त श्रेष्ठ	उत्तम कुमार श्रेष्ठ	डिल्लुराम श्रेष्ठ
क्या. कृष्ण ब. श्रेष्ठ	बाबुराम श्रेष्ठ	रत्नमान गुभाजू	मान कुमार श्रेष्ठ		
देवकुमार श्रेष्ठ	सञ्जिव श्रेष्ठ	अधिवक्ता सोम ब. श्रेष्ठ	ध्रुव कुमार श्रेष्ठ		
	राधाकृष्ण श्रेष्ठ				

तथा सम्पूर्ण गुठी परिवार

'केटाहरूले सिट्ठी बजाएर जिस्क्याउँछन्, यो कस्तो खालको हिंसा हो ?'

राजाराम पौडेल
पोखरा २ फाल्गुन ।

कास्की जिल्ला अदालतको आयोजनामा कास्की जिल्लाको पाँचै गाउं विकास समितिको सिक्लेसमा न्यायिक अन्तरसंवाद कार्यक्रम सम्पन्न भएको छ । न्यायमा महिलाको पहुंच, घरेलु हिंसा, महिला हिंसा, यौन दुर्व्यवहार, पारिवारिक सम्पत्ति विवाद लगायतका विविध विषयमा सिक्लेसबासीसँग अदालतले न्यायिक अन्तर्संवाद कार्यक्रम गरेको हो । अन्तरसंवाद कार्यक्रममा स्थानियले उठाएका जिज्ञासा जिल्ला न्यायाधीश, सेस्तेदार र सरकारी वकिलले मेटाएका थिए । यसरी आफनै ठाउंमा जिल्ला न्यायाधीश समक्ष प्रश्न राखी खुल्दली मेटाउन पाउदा स्थानीय उत्साहित देखिन्थे ।

कार्यक्रममा एकजना युवतीले भनिन्,'हामीलाई केटाहरुले सिट्ठी बजाएर जिस्क्याउंछन यो कस्तो खालको हिंसा हो ?' उनको छेउमा रहेकी युवतीले प्रश्न थपिन 'मात्रक पदार्थ सेवन गरी बाटोमा हिंसात्मक व्यवहार गर्नेलाई कस्तो सजाय हुन्छ?' उनको प्रश्न सकिन नपाउदै फेरी अर्को व्यक्तिले सोधे 'जातीय विभेद गर्नेलाई कस्तो सजाय हुन्छ ?' यसरी एकपछि अर्को प्रश्न माफंत आफ्ना मनका जिज्ञासा मेटाउन लालायित देखिएका स्थानीय युवती र आमा समूहका सदस्यका जिज्ञासा मेटाउनेक्रम सुरु भयो जिल्ला न्यायाधीशहरुबाट ।

कार्यक्रममा कास्की जिल्ला अदालतका जिल्ला न्यायाधीशहरु शेखरप्रसाद पौडेल अनन्तराज ढुंगे, नरिश्वर भण्डारी र नारायणप्रसाद दाहाल, अदालतका सेस्तेदार दिनबन्धु बराल, जिल्ला न्यायाधिवक्ता योगनाथ ढकाल, सहायक जिल्ला न्यायाधिक्ता स्वतन्त्र व्यौपाने, परशुराम पहारी पुनरावेदन अदालत बार एशोसिएशनका सचिव इन्द्रप्रसाद बरालले उनीहरुका जिज्ञासा मेटाएका थिए । जिल्ला न्यायाधीश शेखरप्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा अनन्पूर्ण माविका प्रधानाध्यापक शेखरनाथ तिवारी, स्थानीय आमा समूहकी गीमाया गुरुङ, समाजसेवी गोहेन्द्र गुरुङ, एक्यापका अधिकृत नरेन्द्र लामा, प्रथ्यजंग गाथा, जगन्नाथ यादव, शिक्षासेवी भिमराज गुरुङ लगायतले बोलेका थिए ।

तीन घण्टासम्म चलेको कार्यक्रममा सहभागी भई विभिन्न विषयमा जानकारी प्राप्त गर्न पाएकोमा विद्यार्थी तथा स्थानिय महिला बढि उत्साहित थिए । स्थानीय अनन्पूर्ण संरक्षण आयोजना इलाका संरक्षण कार्यालयमा भएको कार्यक्रममा झण्डै एक सय जना स्थानीयको सहभागिता थियो ।

यसरी कास्की जिल्ला अदालतले परामर्श सेवा, बार बेन्च, स्थानीय निकायका सचिव र तामेल्दार, सरकारी वकिल र प्रहरी, सञ्चारकर्मी संग अन्तर्किया, सरोकारवाला बीच अन्तर्किया कार्यक्रमको आयोजना गरि न्यायमा जनताको सहज पहुंच पुऱ्याउने कार्य गर्दै आएको बेस्तेदार दिनबन्धु बरालले बताए ।

गण्डकी बोर्डिङ स्कूलमा पौडी पोखरी बन्दै

गोल्डेन न्यूज संवाददाता
पोखरा २ फाल्गुन ।

पोखराको लामाचौरमा रहेको गण्डकी बोर्डिङ स्कूलमा पौडी पोखरीको शिलान्यास गरिएको छ । विद्यालय स्थापनाको स्वर्ण जयन्तीको अवसरमा निर्माण गर्न लागिएको उक्त पौडी पोखरी (स्वीमिङ्गपुल) को शनिवार विद्यालयका प्राचार्य रविप्रसाद बरालले वैदिक विधिपूर्वक शिलान्यास गरे । करिब २ करोड ५० लाखको लागतमा निर्माण हुने उक्त पौडी पोखरी राष्ट्रिय स्तरका कार्यक्रम सञ्चालन गर्न सकिने क्षमताको हुने विद्यालयका प्राचार्य बरालले बताए । विद्यालय परिसरभित्र निर्मित गुरुकुलमा आयोजना गरिएको सरस्वती पूजाको कार्यक्रमपछि आयोजित शिलान्यास समारोहलाई सम्बोधनगर्दै प्राचार्य बरालले उक्त पोखरी निर्माणले समग्र पौडी खेलको विकासमा टेवा मिल्ने जानकारी दिए ।

उक्त पोखरी निर्माणपछि विद्यालय र पूर्व विद्यार्थीले संयुक्त रूपमा सञ्चालन गर्ने जानकारी गराउदै प्राचार्य बरालले विद्यालय हातामिव निर्माणाधिन आइसिटी ब्लक एजुकेशन प्रोजेक्ट र स्वीमिङ्ग पुलको निर्माण सम्पन्न भएपछि विद्यालय अन्तर्राष्ट्रिय स्तरको पूर्वाधार सम्पन्न विद्यालय हुने जानकारी दिए ।

शंकुन्तला गुरुङद्वारा सञ्चालित उक्त कार्यक्रमा विद्यार्थी मुकुन्द अधिकारी, पूर्व विद्यार्थीद्वय अमृत दाहाल र कृष्ण गुरुङ र शिक्षक अभिभाकक सदुवा अध्यक्ष महेन्द्र रिमालले विद्यालय भित्र निर्माणाधिन आयोजनास्थल अवलोकन गरेका थिए ।

चलचित्र प्रदर्शन

पोखरा २ फाल्गुन ।

विद्यार्थीहरुलाई अतिरिक्त ज्ञान दिलाउने उद्देश्यले लेखनाथ विश्वास सेकेण्डरी बोर्डिङ स्कूलका विद्यार्थीहरुका बीच 'टिचर' नामक चलचित्र प्रदर्शन गरिएको छ । विद्यालयमा अध्यापन गराउने शिक्षकको कथामा आधारित सो चलचित्रको सोमित वस्नेतले निर्देशन गरेका हुन् । चलचित्रमा शिक्षकको विद्यालयमा हुने भूमिका, उसले झेल्नु परेका दबाव, समस्या र प्राप्त हुने तलबको अवस्थाले दैनिकीबारे पष्ट पारिएको छ । शिक्षकको पिडालाई समावेश गरिएको छ । साथै शिक्षकले विद्यार्थीलाई गर्नुपर्ने व्यवाहार र अभिभावकको भूमिका प्रशंइएको छ । निर्देशक वस्नेतको सान्चयमा विद्यार्थीहरुलाई चलचित्र हेने अवसर प्रदान गरिएको विद्यालयका प्रिन्सिपल राजेशकुमार यादवले जानकारी दिए । प्रदर्शनीमा विद्यार्थी, शिक्षक र अभिभावकको सहभागिता रहेको विद्यालयले जनाएको छ ।

हार्डवेयर एशोसिएशनको पत्रिका र वेवसाइट विमोचन

गोल्डेन न्यूज संवाददाता
पोखरा २ फाल्गुन ।

पोखरा हार्डवयर एशोसिएशन कास्कीद्वारा प्रकाशित त्रैमासिक बुलेटिन 'नवनिर्माण'को प्रथम अंक विमोचन एवं वेवसाइटको शुभारम्भ गरिएको छ । कार्यक्रमका प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले पत्रिका प्रकाशनको महत्व एवं संस्थाको संस्थागत विकास तथा एकताबारे चर्चा गरेका थिए । कार्यक्रममा पत्रिकाप्रेमी सदस्यहरु तथा एकताबारे चर्चा गरेका थिए । कार्यक्रममा बोन्दै नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले पत्रिका प्रकाशनको महत्व एवं संस्थाको संस्थागत विकास तथा एकताबारे चर्चा गरेका थिए । कार्यक्रममा बोन्दै नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मी एवम् संस्थाका संस्थापक अध्यक्ष योगेन्द्र प्रधानले नवनिर्माण र वेवसाइटको संयुक्त रुपमा विमोचन गरेका थिए ।

संस्थाका अध्यक्ष प्रेमप्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा पत्रिकाका प्रधान सम्पादक एवम् संस्थाका पूर्व अध्यक्ष महेश पराजुलीले नवनिमार्ण वैमासिक पत्रिका प्रकाशन गर्नुको उद्देश्यहरु एवम् यस बुलेटिनमा समावेश गरिएका विषयहरुबारे प्रकाश पारेका थिए ।

कार्यक्रममा बोन्दै नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले पत्रिका प्रकाशनको महत्व एवं संस्थाको संस्थागत विकास तथा एकताबारे चर्चा गरेका थिए । कार्यक्रममा पत्रिकाप्रेमी सदस्यहरु तथा उद्योगी व्यवसायीहरुबारे जानकारी दिए । कार्यक्रममा पत्रिकाका प्रधान सम्पादक एवम् संस्थाका पूर्व अध्यक्ष महेश पराजुलीले नवनिर्माण त्रैमासिक पत्रिका प्रकाशन गर्नुको उद्देश्यहरु एवम् यस बुलेटिनमा समावेश गरिएका विषयहरुबारे प्रकाश पारेका थिए ।

विएमजी उच्च मावमा विविध गतिविधि

गोल्डेन न्यूज संवाददाता
पोखरा २ फाल्गुन ।

कास्कीको लेखनाथमा रहेको विएमजी उच्च माविको त्रिविवसीय रजत महोत्सवको दोस्रो दिन विविध कार्यक्रम सम्पन्न भएका छन् । विद्यालयले आईवार कास्की जिल्ला स्तरीय खुल्ला म्याराथन दौड,भाईस अफ विएमजी सिजन-२ गायन प्रतियोगिता, भुइ विद्यार्थीको लाइभ कन्सर्ट, अहिलेसम्म प्रवेशिका परीक्षामा उत्कृष्ट स्थान हासिल गर्ने १५ जना विद्यार्थीलाई सम्मान र विएमजीमा अध्यन गरेर उच्च तहमा पुगेका विद्यार्थीहरुलाई विएम जी गौरव अवार्ड वितरण गरिएको हो।

कार्यक्रममा बोन्दै कास्कीका जिल्ला शिक्षा अधिकारी विष्णु अधिकारीले समयको माग र अन्तर्राष्ट्रिय स्तरको पढाई संचालन गरेर विद्यार्थीहरुलाई असल बाटोबाट उज्जवल भविष्यतर्फ उन्मुख हुन् पर्नेमा जोड दिए । उनले व्यवहारिक र प्रयोगात्मक शिक्षा प्रणाली नै अहिलेको आवश्यकता रहेको स्पष्ट पारे । संस्थापक निर्देशक ईन्दिरा गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा शीत व्यक्ति गोविन्द मणि आचार्य, विद्यालयका प्रमुख सल्लाहकार डा. भीमसेन गुरुङ, व्यवस्थापन समितिका पूर्व सदस्य डिल्लीराम पौडेल लगायतले लेखनाथको शैक्षिक विकासमा विएमजीले महत्वपूर्ण भूमिका खेलेको बताए ।

रजत जयन्ती महोत्सव अन्तर्गत जिल्ला स्तरीय खुल्ला तीन किलोमिटरको म्याराथन दौडमा छात्रातर्फ सुस्मिता भुजेलले प्रथम, सोनिया धमलाले दोस्रो,कृति मगरले तृतीय र रश्मी लामिछाने र दीक्षा पुनले सान्त्वना स्थान हासिल गरेका थिए। म्याराथनमा २६ विद्यार्थी सहभागी थिए ।

त्यसै गरि छात्रतर्फको पाँच किलोमिटरको खुल्ला म्याराथनमा स्माइल भण्डारी प्रथम, मनिष गुरुङले दोस्रो, अनिल थापा मगर तृतीय र युवराज खत्री र कुमार श्रीरिंघ मगरले सान्त्वना स्थान हासिल गर्न सफल भएका थिए। प्रतियोगितामा ४८ जना विद्यार्थी सहभागी थिए ।

यसैगरि भाईस अफ वीएमजी सिजन-२ गायन प्रतियोगितामा समिक्षा थापा, बबिन पुन, प्रिति परियार, मन्दिप पुन र कुष्टीना बस्नेतले आ-आफ्नो प्रतिभा प्रस्टुटन गरेका थिए। विविध सास्कृतिक कार्यक्रम र गत शैक्षिक सत्र २०७०/७१ को पुरस्कार वितरण समेत गरिएको सो कार्यक्रमको संचालन शिक्षक रामचन्द्र अधिकारीले गरेका थिए भने विद्यालयका प्राचार्य युवराज गुरुङले रजत महोत्सव अवधि भर भएका गतिविधि र शैक्षिक विकासका योजनाहरुका बारेमा जानकारी गराएका थिए। विद्यालयले आज सोमबार विशेष समारोह सहित रजत जयन्ती महोत्सव समापन गर्ने जानकारी दिएको छ ।

महोत्सवमा गायन

गोल्डेन न्यूज संवाददाता
पोखरा २ फाल्गुन ।

लेखनाथ महोत्सव अन्तर्गत चाइल्ड ट्यालेन्ट सो प्रतियोगिताका लागि पूर्वछनौटमा गायन र नृत्य विधामा गरी ३६ जना प्रतियोगी छनौट भएका छन् । २७ विद्यालयका ४२ जना प्रतियोगिबाट ३६ जना दोश्रो चरणका लागि छनौट भएका हुन । नृत्य विधामा विष्णु सुनार, दिपिका सुवेदी, विष्णु ढकाल, वर्षा रानाभाट, पार्वती थापा, कृतिका वोहोरा, एलिना पुन, समृद्धि पाण्डे, स्मिता अधिकारी, प्रतिक्षा रना, निशा गुरुङ, दिव्या गुरुङ रहेका छन् । यसैगरी नृत्य विधा तर्फनै प्रकृति थापा मगर, स्नेहा गुरुङ, विपना पुन, स्वस्तना खत्री, लक्ष्मी माझकोटी र वर्षा गुरुङ रहेका छन् । यसैगरी गायन तर्फ अस्मिता वास्तोला, रविन वि.क, मोनिका परियार, कृष्ण पौडेल, अस्मि वास्तोला, कविता आचार्य, विक्रि वि.क., आनन्द तामाङ, अनिश गौतम, प्रिया गुरुङ, निशान रना, करुणा सुनार, समपंण कोइराला, विन्ती गुरुङ, पुविन वि.क, अभिषेक बराल, शुभेच्छा राई र शिक्षा काकी दोश्रो चरणका लागि छनौट भएका छन् । तृवै विधातर्फका प्रतियोगिता मा विजयी हुनेलाई प्रथम पुरस्कार १५ हजार, दोश्रो हुनेलाई १० हजार, तृतीय हुनेलाई ५ हजार, सान्त्वना हुनेलाई २ हजार रुपैया पुरस्कार प्रदान गरिने चाइल्ड ट्यालेन्ट सो प्रतियोगिता व्यवस्थापन उप-समितिका संयोजक ऋषिराम जमरकट्टेलले जानकारी दिएका छन् ।

पौडेललाई पितृशोक

पोखरा २ फाल्गुन ।

पहरी वरिष्ठ उपरीक्षक बलराम शर्मा पौडेललाई पितृ शोक परेको छ । उनका ८६ वर्षीय पिता लक्ष्मिदत्त उपाध्यायको उपचारको क्रममा माघ २८ गते काठमाडौंमा निधन भएको हो । उनका २ श्रीमती ६ छोरा र २ छोरी छन् । समाजसेवी पौडेलको एक्कासी दम बढेपछि पर्वतको देवीस्थान स्थित २४ कुरियाबाट उपचारको लागि काठमाडौंमा भएपनि अन्त्यष्ट भने कालीगण्डकी नदीमा गरिएको पारिवारिक शोतले जनाएको छ । उहांको काजक्रिया पर्वतमा फलेवासमा गरिएको छ ।

विजनेसको नाफा आठ करोड

गोल्डेन न्यूज संवाददाता
पोखरा २ फाल्गुन ।

विजनेस युनिभर्सल डेभलपमेण्ट बैंक लि.ले आर्थिक वर्ष २०७२/७३ को दोस्रो त्रैमासमा ८ करोड संचालन मुनाफा आर्जन गर्न सफल रहेको छ । जुन अधिल्लो वर्षको सोहि अवधिको तुलनामा ९२.५८ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्षको सोही अवधिको निक्षेप, कर्जा तथा कुल सम्पत्तिको तुलनात्मक रुपमा हेर्दा निक्षेपमा २५ प्रतिशत वृद्धि भई करिब ६ अर्ब ६८ करोड, कर्जामा ९९.६४ प्रतिशत वृद्धि भई ५ अर्ब ७२ करोड र कुल सम्पत्तिमा २२ प्रतिशतले वृद्धि भई ८ अर्ब ७१ करोडले वृद्धि गर्न सफल रहेको छ । हाल बैंकको चुक्ता पुंजी रु. १ अर्ब ५ करोड ६१ लाख ९९ हजार रहेको छ । बैंकको तरलता अनुपात ३१.४३ प्रतिशत रहेको छ भने पुंजी कोष १७१२ प्रतिशत रहेको बैंकका प्रमुख कार्यकारी अधिकृत मनोहर के.सी.ले बताए । हाल बैंकको प्रधान कार्यालय सहित १४ वटा शाखा कार्यालयहरु मार्फत देशका विभिन्न स्थानमा आफ्ना ग्राहकहरुलाई आधुनिक बैंकिङ सेवा प्रदान गदै आईरहेको बैंकले सेवा विकास बैंक र सिद्धार्थ बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी समझदारी पत्रमा मिति २०७२ पौष २३ गते हस्ताक्षर भई सैद्धान्तिक समहतिका लागि नेपाल राष्ट्र बैंकमा संयुक्त निवेदन पेश गरि सकिएको छ ।

जापानी भाषा सिक्न चाहनेहरूलाई खुशीको खबर

दक्ष तथा JLPT २ लेभल पास शिक्षकबाट भाषा सिकाइने यस ओहायो एजुकेशनल इन्स्टिच्युटमा जापानी भाषाको नयाँ कक्षा संचालन भइरहेको जानकारी गराइन्छ ।

ठेगाना : न्यूरोड, पोखरा
फोन : ०६१-५४००३६, ५८४६०३७२५१

रेडबुल लिगको उपाधिका लागि एलजी र संगम भिड्ने

गोल्डेन न्यूज संवाददाता
पोखरा २ फाल्गुन ।

एन्का कास्कीको आयोजनामा पोखरा रंगशालामा जारी स्व: बलराम स्मृति कास्की जिल्ला स्तरीय रेडबुल लिगकम नकआउट फुटबल प्रतियोगिताको उपाधिका लागि एलजी एशोसिएशन र संगम युवा क्लब बीच प्रतिस्पर्धा हुने पक्का भएको छ । आइतवार भएको पहिलो सेमिफाइनलमा एलजीले डमासाइड क्लबलाई टाइब्रेकरमा ३-१ ले पाखा लगाउदै फाइनल यात्रा पक्का गरेको हो । निर्धारित समयमा दुवै टीमबाट गोल हुन नसकेपछि समय थप गरिएको थियो । थप गरिएको समयमा पनि दुवै टिमले गोल गर्न नसकेपछि खेलको निर्णय टाइब्रेकर माफंत लिइएको हो । टाइब्रेकरमा एलजीका तर्फबाट पेनाल्टी प्रहार गरेका प्रदिप गुरुङ, सुर्यमान मगर, आदेश शाहीले गोल गरे भने अजित गुरुङको विपक्षी गोलरक्षकले बचाउ गरे । ड्यामसाइका तर्फबाट सिल्केमान तामाडले मात्रै गोल गरे भने रुपेश गुरुङ, सुनिल गिरीको प्रहारलाई विपक्षी गोलरक्षकले बचाउ गर्दा विमल गुरुङको प्रहार पोलमा लागेर बाहिरियो । दोश्रो तथा अन्तिम सेमिफाइनलमा संगमले सत्ययुवा क्लबलाई ३-० को फराकिलो अन्तरले पाखा लगाउदै फाइनलमा एलजीसंगको भेट पक्का गरयो ।

एलजीको जितमा विमल रानाले दुई गोल गरे भने मिलन गुरुङले एक गोल गरे । सत्ययुवा क्लबले गोल गर्ने प्रयास गरेपनि असफल हुदा फाइनल पुग्ने चाहाना सफल हुन सकेन । अब उपाधिका लागि सोमबार एलजी र संगम बीच दिउसो १ बजे प्रतिस्पर्धा हुने एन्का कास्कीका उपाध्यक्ष मिलन गुरुङले जानकारी दिए ।

बलराम केसी स्मृति छात्रवृत्ति वितरण

गोल्डेन न्यूज संवाददाता
पोखरा २ फाल्गुन ।

शिवशक्ति उमावि फूलबारी पोखरा-११ मा समाजसेवी एवं खेलप्रेमी स्वर्गीय बलराम के.सी. स्मृति प्रतिष्ठान कास्कीले बलराम केसी स्मृति छात्रवृत्ति वितरण गरिएको प्रतिष्ठानले जनाएको छ । विद्यालयको ४७ औं वार्षिकोत्सव को अवसरमा पुरस्कार वितरण एवं सम्मान कार्यक्रम समेत सम्पन्न गरिएको थियो ।

छात्रवृत्ति वितरण कार्यक्रमका प्रमुख अतिथि शैक्षिक तालिम केन्द्र कास्कीका वरिष्ठ प्रशिक्षक केदारकुमार गिरीले बलराम केसीलाई कृनैपनि विधामा भुल्ने नसकिने बताएका थिए । स्वर्गीय बलराम केसी स्मृति प्रतिष्ठानको जस्तै भावना र योजना अगाडि बढ्दै सामुदायिक विद्यालयको भविष्य उज्जवल भएको बताए । प्रतिष्ठानले कक्षा ११ मा अध्ययनरत विकम परियारलाई नगद १० हजारको छात्रवृत्ति वितरण गरिएको प्रतिष्ठानका सचिव रोहितराज वस्तोलाले जनाएका छन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलराम शर्मा वस्तोलाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रम शिक्षक रामचन्द्र वास्तोला 'मधु', दामोदर वास्तोला, रेवती वास्तोला, सरस्वती भण्डारी, कृष्ण आचार्य पोखरा-२१ काहुं, रामकृष्ण वास्तोला,गोखुली), शिक्षक प्रतिनिधि गुरुप्रसाद तिवारी, उमाकान्त खनाल(सन्तोष) र युक्ता थापा सम्मानित भएको विद्यालय व्यवस्थापन समितिका सदस्य हरिप्रसाद वास्तोलाले जानकारी दिए ।

अन्तरविद्यालय बास्केटबल आजदेखि

गोल्डेन न्यूज संवाददाता
पोखरा २ फाल्गुन ।

कास्की जिल्ला बास्केटबल सङ्घको आयोजनामा सोमवारदेखि ३ दिने सातौं अर्को कर्णेल जेपिकस अन्तरविद्यालय छात्र/छात्रा बास्केटबल प्रतियोगिता सुरु हुदै छ । फागुन ७ गतेसम्म संचालन हुने प्रतियोगिताको उद्घाटन खेलमा टप्स उच्च मावि विरुद्ध मनकामना बोर्डिङ स्कूल बिचको छात्र तर्फको खेल हुने भएको संघका अध्यक्ष नेत्र बहादुर शेनले बताए । त्यसै गरी सोमबार लिग चरणका ३ खेल हुने भएको छ । लिगकम नकआउटका आधारमा खेलाइने प्रतियोगितामा छात्रतर्फ १२ तथा छात्रातर्फ ८ टीमको सहभागिता रहेको संघका सचिव ध्रुवकुमार गुरुङले बताए । विजेता छात्र/छात्रातर्फको टीमलाई जनही ७ हजार, उपविजेतालाई ५ हजार र तेश्रो स्थान हासिल गर्ने टीमलाई ३ हजार साथमा ट्रफि, मेडल र प्रमाणपत्र वितरण गरिने उनले बताए । प्रतियोगिता सम्पन्न गर्न करिब २ लाख खर्च हुने भएको संघका सचिव ध्रोकुमार गुरुङले बताए । प्रतियोगितालाई सफल पार्न समाजसेवी कर्णेल जेपि कस मुख्य प्रायोजन गर्दै आएको सचिव गुरुङले बताए । प्रतियोगितामा उत्कृष्ट तथा हाईस्कोर खेलाडीलाई नगदसहित ट्रफी वितरण गरिने भएको उनले बताए । लिगकम नकआउटका आधारमा खेलाइने प्रतियोगितामा छात्रतर्फ १२ तथा छात्रातर्फ ८ टीमको सहभागिता रहेको संघका सचिव ध्रुवकुमार गुरुङले बताए । विजेता छात्र/छात्रातर्फको टीमलाई जनही ७ हजार, उपविजेतालाई ५ हजार र तेश्रो स्थान हासिल गर्ने टीमलाई ३ हजार साथमा ट्रफि, मेडल र प्रमाणपत्र वितरण गरिने उनले बताए । प्रतियोगिता सम्पन्न गर्न करिब २ लाख खर्च हुने भएको संघका सचिव ध्रोकुमार गुरुङले बताए । प्रतियोगितालाई सफल पार्न समाजसेवी कर्णेल जेपि कस मुख्य प्रायोजन गर्दै आएको सचिव गुरुङले बताए । प्रतियोगितामा उत्कृष्ट तथा हाईस्कोर खेलाडीलाई नगदसहित ट्रफी वितरण गरिने भएको उनले बताए । लिगकम नकआउटका आधारमा खेलाइने प्रतियोगितामा छात्रतर्फ १२ तथा छात्रातर्फ ८ टीमको सहभागिता रहेको संघका सचिव ध्रुवकुमार गुरुङले बताए ।

हिरो एक्सचेन्ज मेला आजदेखि

गोल्डेन न्यूज संवाददाता
पोखरा २ फाल्गुन ।

हिरो मोटरसाइकल तथा स्कूटरको पोखराका लागि आधिकारिक डिलर ईन्टरनेशनल अटो पार्टस् प्रा.लि. नयाँबजारमा हिरो एक्सचेन्ज मेला हुने भएको छ । मेला आज सोमबारदेखि शुरु भइ ७ गते समापन हुने बताइएको । मेलामा कुनै पनि पुरानो मोटरसाइकलमा तथा स्कूटर ल्याई नयाँ मोटरसाइकलमा लोन सकिने बताइन्छ । मोटरसाइकल तथा स्कूटर खरिदमा १ हेलिमेट फ्रि, ९ पटक फ्रि सर्भिसिङ, ५ वर्षको ब्यारेन्टी, मोटरसाइकल खरिदमा लेगाड फ्रि,स्कूटर खरिद स्कूटर कभर फ्रि रहेको संस्थाले जनाएको छ ।

हार्दिक बधाई

श्री गौतम विजुयच्छे

नेपाली कांग्रेसका वुवा नेता एवं प्रिय मित्र श्री गौतम विजुयच्छेज्य नेपाली कांग्रेसको १३औं महाधिवेशन अन्तर्गत नेपाली कांग्रेस, पोखरा उपमहानगरपालिका वडा नं. ३ इकाइको सरिसामव सर्वाधिक पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको कार्यकालमा नेपाली कांग्रेस सुदृढ, संगठित र एकताबद्ध भएर अघि बढ्न सकोस् भन्ने शुभकामना प्रकट गर्न चाहन्छौं।

प्रो. नरेन्द्रकुमार श्रेष्ठ
न्यू गण्डकी रेफ्रिजेरेशन
पोखरा-११,रानीपौवा

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक अगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिल्तेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५३२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिल्तेढुंगा, पोखरा